पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

## घर भाडामा लिने सम्बन्धी १५ दिने सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२५

यस पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश बिराटनगरमा कार्यरत कर्मचारीको आवास प्रयोजनका लागि घरभाडा लिनुपर्ने भएकोले सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा २४(९) अनुसार घर भाडा लगाउन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा शिलबन्दी दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाश गरिएको छ।

तपसिलः-

१. घरभाडा लिन चाहेको मन्त्रालयः पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर।

२. घर आवश्यक भएको क्षेत्रः पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट २ कि.मि.को परिधि भित्र।

३. भाडामा लिन खोजेको घर जग्गाको प्रकृतिः

(क) पक्की घर,

(ख) कम्तिमा ५ वटा कोठा (भान्सा कोठा-१ समेत),

(ग) विद्युत, पानी, शौचालयको राम्रो प्रबन्ध भएको,

(घ) कम्पाउण्डवाल लगाएको।

(ङ) कम्तिमा १ वटा चार चक्के र ३ वटा दुई चक्के सवारी साधन पार्किङको लागि पर्याप्त ठाँउ भएको।

(च) घरसम्म पुग्ने पक्की सडक सुविधा भएको ।

४. मासिक घर भाडा रकम कर सहित अधिकतम रु. २५,०००/- (पच्चीस हजार रुपैया मात्र)

५. घर, जग्गाधनीले प्रस्ताव पेश गर्ने तरिका र प्रस्तावसाथ पेश गर्नु पर्ने न्यूनतम विवरणः

(क) घर भाडामा दिने सम्बन्धी मासिक भाडा दर उल्लेख भएको निवेदन,

(ख) घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(ग) घरधनीकोजग्गाधनी प्रमाण पुर्जा, घरनक्सा तथा नक्सापास प्रमाणपत्र,

(घ) चालु आ.व.को एकिकृत सम्पति कर चुक्ताको विवरण,

(ङ) अन्य आवश्यक कागजात ।

६. घर भाडा भुक्तानीका शर्तहरु र करकट्टीको बिषयः

(क) घरभाडा मासिक रुपमा बैंक खातामा नियमानुसार करकट्टी गरी मात्र उपलब्ध हुनेछ।

(ख) अन्यपालना गर्नुपर्ने शर्तहरु दुई पक्षिय सम्झौता (करारनामा) गरी गरिनेछ।

७. घरभाडा लिने वा नलिने सम्वन्धमा अन्तिम निर्णय यस मन्त्रालयको हुनेछ ।

८. प्रस्ताव दाखिला गर्नुपर्ने स्थानः-पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।

विजय राई
उपसचिव